


# लैङ्गिक विभेदमा आधारित हिंसा र यसका प्रकार सम्बन्धी जानकारी पत्र

कुनै पनि व्यक्तिलाई उसको लिङ्गको आधारमा गरिने भेदभाव, असमान व्यवहार एवं कसुरजन्य क्रियाकलापहरू लैङ्गिक हिंसा भित्र पर्दछन् । व्यक्तिलाई उसको लिङ्गको आधारमा सामाजिक लैङ्गिक विभेदबाट निर्देशित भई गरिएका सम्पूर्ण विभेदपूर्ण कार्यहरू लैङ्गिक विभेदमा आधारित हिंसा हुन् । यस्ता कार्यहरूभित्र शारीरिक, मानसिक, यौनिक रूपले पीडा दिने वा पुर्‍याउने खालका काम तथा व्यवहारहरू पर्दछन् ।

# लैगिंक विभेदमा आधारित हिंसाका प्रकार र यसले पर्ने प्रभाव/असर

## क) शारीरिक हिंसा र यसले पर्ने प्रभाव/असर

कुटपिट , जबरजस्ती गर्भपतन गर्न लगाउनु, महिला तथा बालबालिकालाई कामको बोझ थपेर दुःख दिनु जस्ता व्यवहारहरुका साथै महिला तथा बालबालिकाको शरीरलाई लक्षित गरी पीडा पुऱ्याउने सबै प्रकारका व्यवहारहरुलाई शारीरिक हिंसा भनिन्छ । बालबालिकालाई उसको शारीरिक क्षमता भन्दा बढी काम लगाउनु वा लामो समयसम्म फुर्सद वा आरामको समय नदिई काममा लगाउनु, बालबालिकालाई कुटपिट गर्ने तथा शारीरिक दण्ड सजायँ दिने पनि शारीरिक हिंसा भित्र पर्दछ ।









शारीरिक हिंसाका कारण महिला तथा बालबालिकाहरु विभिन्न रोगहरुबाट ग्रसित हुने, अङ्गभङ्ग हुने, आत्मबल घट्ने तथा सामाजिक कार्यहरुमा सहभागी हुन नसक्ने गरि असरहरु पर्न सक्दछ ।

## ख) यौनिक हिंसा र यसले व्यक्तिमा पर्ने प्रभाव/असर




महिला तथा बालबालिकाको ईच्छा विपरीत जबरजस्ती करणी गर्ने, यौन अङ्गहरु तथा संवेदनशील अंगहरुमा छुने, सुम्सुम्याउने, अश्लील शब्दहरुको प्रयोग गर्ने, जिस्काउने, अश्लील चित्र, दृश्य वा फिल्महरु देखाउने जस्ता कार्यहरू यौनिक हिंसा भित्र पर्दछन् । यस्ता हिंसाहरू भित्र बलात्कार, वैवाहिक बलात्कार, यौन दुर्व्यवहार, यौन दुराचार, यौन शोषण गर्ने जस्ता हिंसाहरू पर्दछन् ।

यौन हिंसामा बुझ्नु पर्ने कुरा के हो भने यौन हिंसा महिला तथा बालिकालाई मात्र हुन्न पुरुष विशेष गरि बालक र त्यस्तै गरि यौन तथा अल्पसंख्यक समूहका बालबालिकाहरुमाथि पनि यौन दुर्व्यवहार, शोषण हुने गर्दछ । बाल यौन दुर्व्यवहार भन्नाले बालबालिकालाई जबरजस्ती करणी गर्ने, यौन अङ्गहरु तथा संवेदनशील अंगहरुमा छुने वा घोच्ने सामान हाल्ने, सुम्सुम्याउने, चुम्बन गर्ने, अश्लील शब्दहरुको प्रयोग गर्ने, जिस्काउने, अश्लील चित्र, दृश्य वा फिल्महरु देखाउने, बालबालिकाको नग्न तस्विर, भिडियो खिच्ने तथा इन्टरनेट, सामाजिक सञ्जालमा प्रदर्शन गर्ने आदि बुझ्नु पर्दछ । यस्तै गरि बालबालिकालाई मनोरञ्जनका लागि रेस्टुरेन्ट, बार, मसाज पार्लर लगायतका स्थानमा कार्य गर्न लगाउने र बालबालिकालाई यौन कार्यमा संलग्न गराउनु बाल यौन शोषण हो ।



बालबालिकालाई विद्यालय, होस्टल, घर र समुदायमा वयस्क व्यक्तिहरू र आफूभन्दा ठूला बालबलिकाबाट समेत यौनजन्य हिंसा हुन सक्छ । बालविवाहको कारणले गर्दा बालबालिकामाथि बाल यौन दुर्व्यवहार हुने हुदाँ बालविवाह सामाजिक हिंसा मात्र नभई यौनजन्य हिंसा पनि हो । बालबालिकाको मञ्जुरी लिई उनीहरूलाई कुनै पनि प्रकारको यौन कार्यमा संलग्न गराउनु समेत यौन हिंसा हो । बालबालिकाको यौन अङ्ग छेदन गर्ने आदि यौनिक हिंसामा पर्दछ । यौनिक हिंसाबाट महिला तथा बालबालिकाहरुमा अनिश्चित गर्भ रहने, गर्भपतन हुने, यौनाङ्ग क्षतविक्षत हुने, ढाड कम्मर दुख्ने, तल्लो पेटको संक्रमण हुने, यौन रोगहरू तथा एच.आई.भीको जोखिम हुन सक्दछ ।

## ग) मानसिक हिंसा र यसले पर्ने प्रभाव/असर

महिला तथा बालबालिकालाई भेदभाव गर्ने, गालीगलौज गर्ने, अपशब्द बोल्ने, धम्क्याउने, अरुका अगाडि होच्याउने, हेला तिरस्कार गर्ने, इच्छा विपरीत काम गर्न दबाव दिने, उपेक्षा, दुर्व्यवहार गर्ने जस्ता कामहरु मानसिक हिंसा हुन् । दाईजो नल्याएको निहुँमा महिलाहरु र उनका सन्तानहरुलाई दिईने दबाब त्यस्तै गरि हिंसामा परेका महिला तथा बालबालिकाहरुलाई परिवार लगायत समुदायले गर्ने तिरस्कार, अपहेलना र भावनात्मक दुर्व्यवहारहरु मानसिक हिंसा हुन् ।

मानसिक हिंसाबाट महिला तथा बालबालिकामा मानसिक असन्तुलन, मुटुको रोग, मधुमेह आदि जस्ता विभिन्न रोगहरु लाग्न सक्दछन् । महिलाहरुमा आत्मविश्वासको कमि भई काम गर्न मन नलाग्ने, एक्लोपन जस्ता समस्याहरु देखा पर्दछन् ।





## घ) सामाजिक/सांस्कृतिक हिंसा र यसले पर्ने प्रभाव/असर

हानिकारक सामाजिक मूल्य मान्यताबाट निर्देशित भई, परम्परा तथा संस्कृतिका आडमा महिला, तथा बालबालिकामाथि समाजकै व्यक्तिहरूबाट हुने हिंसालाई सामाजिक हिंसा भनिन्छ ।




झुमा, देउकी, बादी, बोक्सीको आरोपमा गरिने दुर्व्यवहार, कुमारी जस्ता संस्कृतिलाई आधार बनाई गरिने हिंसा, छाउपडी, बालविवाह, बहुविवाह जस्ता धर्म र संस्कृतिको आडमा गरिने अपराधका साथै सुत्केरी, रजस्वला जस्ता महिलाको शारीरिक क्रियासँग सम्बन्धित अवस्थाहरूमा गरिने छुवाछुत, भेदभाव जस्ता सम्पूर्ण व्यवहारहरु सांस्कृतिक हिंसा अन्तर्गत पर्दछन् । यस्ता हिंसा भित्र अनमेल विवाह अर्थात किशोरी वा महिलाहरूको उमेर नमिल्दो पुरुषहरूसँग विवाह गरिनु पनि पर्दछ ।

सामाजिक/सांस्कृतिक हिंसाका कारण महिला तथा बालबालिकाहरूको शारीरिक बौद्धिक विकासमा अवरोध हुने, दाईजोका कारण आत्महत्या हुन सक्ने, सानो उमेरमा विवाहले गर्दा धेरै बच्चा जन्माउन बाध्य गराईनुले स्वास्थ्य बिग्रने, महिनावारी हुँदा बाहिर बस्नुपर्ने बाध्यताहरूले थप जोखिम निम्त्याउनुका साथै किशोरीहरूको पढाईमा समेत बाधा पुग्न सक्दछ ।



## यस्ता प्रकारका कुनै पनि हिंसा भएमा निम्न स्थानहरुमा खबर गर्नुहोस् :



| | | |
|---|---|---|
| नेपाल सरकार हटलाइन नम्बर | : | १०९८ |
| नेपाल प्रहरी | : | १०० |
| बालबालिका खोजतलास केन्द्र | : | १०४ |
| ओरेक नेपाल हटलाईन नम्बर | : | १६६० ०१ ७८९१० |

### बालिका तथा महिला हिंसा विरुद्ध काम गर्ने निकायहरु:


- राष्ट्रिय महिला आयोग
- महिला तथा बालबालिका कार्यालय
- नजिकको प्रहरी चौकी/महिला तथा बालबालिका सेवा केन्द्र (महिला सेल)
- जिल्ला प्रशासन कार्यालय
- जिल्ला सेवा केन्द्र
- केन्द्रीय बालकल्याण समिति र जिल्ला बालकल्याण समिति
- गाउँ तथा नगर बाल संरक्षण समिति
- मानव बेचबिखन विरुद्ध जिल्ला र गाउँ समन्वय समिति
- लैङ्गिक निगरानी समूह
- लैङ्गिक हिंसा विरुद्ध जिल्ला समन्वय समिति
- अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र

# अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र
## (Hospital Based One- Stop Crisis Management Center) मा उपलब्ध सेवा
















एकद्वार संकट व्यवस्थापन केन्द्रले प्रभावितलाई उपचार र मनोपरामर्श सेवा उपलब्ध गराउनुका साथै प्रभावितका लागि आवश्यक अन्य कानुनी परामर्श, सुरक्षा आवास सेवाका लागि सम्प्रेषण गर्नुका साथै अन्य उपलब्ध सेवाहरूमा प्रभावितको पहुँच अभिबृद्धि गर्न अन्य न्यायिक निकायहरुसँग समन्वय गर्दछ ।

बालबालिकामाथि लैङ्गिकताको आधारमा हिंसा हुन्छ भने त्यो बालअधिकारका साथै मानव अधिकार हनन् हो । त्यस्तै गरि कुनै पनि व्यक्तिमाथि लैङ्गिकताको आधारमा हिंसा हुन्छ भने त्यो मानव अधिकारको हनन् हो । यस प्रकारका हिंसाले बालबालिका तथा व्यक्तिका आधारभूत अधिकार खण्डित गर्दछ ।

हिंसा रहित समाजको निर्माणका लागि हामी सबै एकजुट हौं र हातेमालो गरौं ।
लैङ्गिकताको आधारमा हुने हिंसा विरुद्ध आफु पनि सचेत हौं र अरुलाई पनि सचेत गराऔं ।

सहयोग

थप जानकारीका लागि

**ओरेक नेपाल**
पो.ब.नं. १३२३३, काठमाडौं, नेपाल,
टेलिफोन : (९७७)- ०१-५१८६३७४, ०१-५१८६०७३ (केन्द्रिय कार्यालय)
(९७७) ०८४-४२०१६८ (बर्दिया)
हटलाईन : १६६०-०१-७८९१०, Email : ics@worecnepal.org